नगराईन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगराईन,धनुषा
प्रदेश नं. २

# पोखरी ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वान सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१६

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाको क्षेत्रधिकार भित्र पर्ने देहाय बमोजिमको सार्वजनिक पोखरीहरुमा माछा उत्पादन गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि आ.व.०७७/०७८ देखि आ.व.०८१/०८२ सम्मका लागिठेक्का बन्दोवस्त गर्नु पर्न भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का शिर्षक | पोखरीहरूको नाम | ठेगाना(हाल) | ठेक्का अवधि | ठेक्काको न्यूनतम अंक प्रति वर्ष | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | 01/NM/IT/077/078 | माछा पोखरी | खड्का पोखरी | वडा १ | ५ वर्ष | १,०५,०००/- | १०००/- |
| २ | 02/NM/IT/077/078 | माछा पोखरी | डोरा पोखरी | वडा १, खडका | ५ वर्ष | ५०,०००/- | १०००/- |
| ३ | 03/NM/IT/077/078 | माछा पोखरी | अलोरा पोखरी | वडा ३, फुलगामा टोल | ५ वर्ष | ५०,०००/- | १०००/- |
| ४ | 04/NM/IT/077/078 | माछा पोखरी | चमारटोल खाता | बहिरी ३ | ५ वर्ष | ४५,०००/- | १०००/- |
| ५ | 05/NM/IT/077/078 | माछा पोखरी | सगरदीना पोखरी १ (ठुलो) | वडा ३, फुलगामा टोल | ५ वर्ष | २५,०००/- | १०००/- |
| ६ | 06/NM/IT/077/078 | माछा पोखरी | सगरदीना पोखरी २ (सानो) | वडा ३, फुलगामा टोल | ५ वर्ष | २५,०००/- | १०००/- |
| ७ | 07/NM/IT/077/078 | माछा पोखरी | डोरा पोखरी | वडा ३, फुलगामा टोल | ५ वर्ष | १,६०,०००/- | १०००/- |
| ८ | 08/NM/IT/077/078 | माछा पोखरी | मरैया पोखरी | वडा ३ र ४ फुलगामा टोल | ५ वर्ष | १०,०००/- | १०००/- |
| ९ | 09/NM/IT/077/078 | माछा पोखरी | गाँउ पोखरी | वडा ४ | ५ वर्ष | ६,२५,०००/- | १०००/- |
| १० | 10/NM/IT/077/078 | माछा पोखरी | पुरनी पोखरी नजीको खाता | वडा ४ | ५ वर्ष | १५,०००/- | १०००/- |
| ११ | 11/NM/IT/077/078 | माछा पोखरी | गाँउ विच डबरा पोखरी | वडा नं. ६,लगमा | ५ वर्ष | १५,०००/- | १०००/- |
| १२ | 12/NM/IT/077/078 | माछा पोखरी | मटकोरवा पोखरी | वडा ९, | ५ वर्ष | २,००,०००/- | १०००/- |
| १३ | 13/NM/IT/077/078 | माछा पोखरी | गीता ठाकुर पोखरी | वडा ९, | ५ वर्ष | ४,५०,०००/- | १०००/- |
| १४ | 14/NM/IT/077/078 | माछा पोखरी | गोबराही पोखरी | वडा ९, | ५ वर्ष | १,२५,०००/- | १०००/- |

शर्तहरु :

१. दरभाउपत्र खरिद गर्न इच्छुक व्यक्तिले लिखित निवेदन पत्रसाथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७७/०७८ का लागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र र आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन अर्थात् मिति २०७७/०६/३० गते सम्म कार्यालय समयभित्र उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्बन्धित व्यक्तिले सहीछाप सहित शिलवन्दी गरी खाम बाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट सँग लेखी १६ (सोह्रौं) दिन अर्थात् २०७७/०७/०२ गतेको दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे पछि नगर कार्यपालिकाको कार्यालय, नगराईनमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिन्छ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

३. दरभाउपत्र फारम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारमभर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरदुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

राजकुमार के.सी.

५. दरभाउपत्र साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम मेगा बैंक नेपाल लिमिटेड,नगराईन स्थित रहेको यस कार्यालयको च.हि.नं.०२६००१०१२४९५२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाउमा जारी गरिएको वोलकवोल जमानी पत्र ( कम्तिमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन,साथैत्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

६. प्रत्येक पोखरीको छुट्टाछुट्टै दरभाउपत्र दाखिला गर्नु पर्नेछ । एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन । दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. नेपाल सरकार र नगराईन नगरपालिका कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । सो पालनाको कारणबाट क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुनेछैन ।

८. ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखा तथा मोबाइल नं. ९८०१६३६०२५ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

९. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी वा नगद जिन्सी बुझाउन बाँकी रहेको तथा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नु पूर्व फछ्यौंट गर्नुपर्नेछ, अन्यथा व्यक्तिले ठेक्का लिन पाउने छैन र त्यस्तो व्यक्तिसँग सम्झौता गर्न कार्यालय बाध्य हुने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१०. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र एकमुष्ठ रकम जम्मा गर्नेलाई ५% छुट दिईनेछ तर किस्तामा बुझाउदा छुट दिइनेछैन ।ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा किस्ता वापतको रकम बुझाउदा प्रथम किस्ता २५% चलान पुर्जी लिनु ७ (सात) दिन भित्र बुझाउनु पर्नेछ । दोस्रो किस्ता २०% आ.व. ०७८/०७९ कार्तिक मसान्त भित्र, तेस्रो किस्ता २०% आ.व. ०७९/०८० कार्तिक मसान्त भित्र, चौथो किस्ता २०% आ.व. ०८०/०८१ कार्तिक मसान्त भित्र र अन्तिम किस्ता १५% आ.व.०८१/०८२ कार्तिक मसान्त भित्र भुक्तानी गर्नु पर्नेछ । धरौटी वापतको रकम ठेकेदारले भुक्तान गर्नु पर्ने अन्तिम किस्तामा मात्र समायोजन गरिनेछ । उक्त समय भित्र तोकिएको किस्ता नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा धरौटी जफत गरी कार्यालयले पुनः अर्को ठेक्का बन्दोवस्त गर्नेछ ।

११. किस्तावन्दी भुक्तानीको हकमा हरेक किस्ता रकम बुझाएको सोही दिन वा सोको भोली पल्ट चलान पुर्जी दिईनेछ । किस्ता रकम म्यादभित्र नबुझाएमा नगराईन नगरपालिकालाई ०.०१ प्रतिशत प्रतिदिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । ठेकेदारले सम्झौताको शर्त नियम र प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति निर्देशनमा रही संचालन गर्नुपर्नेछ । न.पा. वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन ।

१३. पोखरीमा माछा उत्पादन बाहेक अन्य उत्पादन गर्न पाइनेछैन । सम्झौता विपरित कार्य गरेमा जनसुकै वखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भंग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ । पोखरीको सरसफाई सम्बन्धी लाग्ने सम्पूर्ण खर्च स्वयम् ठेकेदारले व्यहोर्नु पर्नेछ । ठेक्का अवधिमा पोखरीको प्राकृतिक सौन्दर्य बिग्रिने गरी डिल आदि बिगार्न भत्काउन पाइने छैन ।

१४. नगरपालिकाको लिखित निर्णय बाहेक पोखरीको संरचनामा हेरफेर हुने कुनै काम गर्न पाईनेछैन । पोखरीको पानी भू-भाग र डिलको संरक्षण गर्ने जिम्मेवारी ठेकेदारको हुनेछ । पोखरीको संरचना आफूखुसी बिगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतिपूर्ति ठेक्का लिने व्यक्ति बाट नगरपालिकाले असुल उपर गरी कानूनी कारवाही गरिनेछ ।

१५. ठेक्का पोखरी आसपास रहेको जग्गामा नगदे वाली / बीउ विजनमा सिचाईको लागि माग भएमा ठेक्का पोखरीको पानीबाट सिचाईमा प्राथमिकता दिनु पर्नेछ ।

१६. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार आफैले गर्नु पर्नेछ । ठेक्का बन्दोवस्त भइसकेपछी कुनै किसिमको दैवि प्रकोप आदिबाट भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी स्वयम् ठेकेदार नै हुनुपर्ने र सो को कवोल गरेको रकममा मिन्हा हुनेछैन ।

१७. काबु बाहिरको विषम परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

१८. नगरपालिकाको कारणबाट कुनै वा सम्पूर्ण अवधिको लागि ठेक्का रद्द गर्नु परेमा सोको पूर्व जानकारी दिइनेछ साथै उक्त अवधिको क्षतिपूर्तिको लागि नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।पोखरीको ठेक्का सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ । प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा सम्पूर्ण वा आंशिक रुपमा पोखरीको ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकर यस कार्यालयमा सुरक्षित रहनेछ ।

१९. ठेकेदारले पोखरी ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ । ठेकेदार तथा नगरपालिका बिच कुनै किसिमको मत भिन्नता पाईएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

६।९।३
राजकुमार के.सी.
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)